# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः २०८०।३।१८


## भाग-१

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## इनरुवा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०

इनरुवा नगर सभाबाट स्वीकृत मितिः २०८०।३।११

प्रमाणिकरण मितिः २०८०।३।१२

# इनरुवा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

इनरुवा नगर सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u>** (१) यो ऐनको नाम इनरुवा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० रहेको छ ।

(२) यो ऐन इनरुवा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषाः</u>** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले इनरुवा नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले इनरुवा नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकारः</u>** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त इनरुवा नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः</u>** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही इनरुवा नगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**<u>आज्ञाले,</u>**

दशरथ राई

प्रमुख प्रशासकीय अधिकृत